दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ५८ | बुटवल | २०८१ फागुन ०९, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Feb. 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# पर्यावरण जोगाउन मगरघाटमा आधुनिक मेशिन जडित शवदाह गृह

**मेशिनमा राखेर शब जलाउँदा धुवाँको ९० प्रतिशत प्रदूषण रोकिने तथा दाउरा र समय दुबै आधा कम लाग्ने छ। परम्परागत ढंगले शव दाह गर्दा नदीहरुमा भइरहेको फोहोर तथा प्रदूषण रोक्न र अन्त्येष्टी कार्यलाई आधुनिक र पर्यावरणमैत्री बनाउन यस्तो प्रविधिका शवदाह गृह हरेक पालिकामा बनाउनुपर्ने खाँचो छ।**

**टिआर शर्मा**
*बुटवल*

हाइड्रो पावर व्यवसायी ज्ञानेन्द्रलाल प्रधानले रुपन्देहीको तिलोत्तमास्थित मगरघाटमा पर्यावरण मैत्री शव दाह गृहका लागि ३५ लाख रुपैयाँ मूल्यको आधुनिक मेशिन दिएका छन् ।

नेपालका ९ स्थानमा शवदाह मेशिन र एउटा शव दाह वाहन गरी १० करोड रुपैयाँ खर्च गर्ने योजनाअन्तर्गत प्रधानले पहिलो मेशिन तिलोत्तमामा दिएका हुन् ।

मेशिन जडानका लागि इञ्जिनियरिङ डिजाइनमा १५ लाख समेत गरी ५० लाख खर्च भएको प्रधानले बताए ।

परम्परागत ढंगले दाउराको प्रयोगबाट शव दाह गर्दा फ्यांकिने वस्तुका कारण नदीहरुमा भइरहेको फोहोर तथा प्रदूषण रोक्न र अन्त्येष्टी कार्यलाई आधुनिक र पर्यावरणमैत्री बनाउने उद्देश्यले रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ सँग सम्झौता गरी काम अघि बढाएको प्रधानले बताए ।

पर्यावरणमैत्री रोटरी शवदाह गृह निर्माण पूरा गरी बिहीबार एक कार्यक्रमकाबिच तिलोत्तमा नगरपाकिलाका प्रमुख रामकृष्ण खाँण, रोटरी डिस्ट्रिक्ट गभर्नर राजेन्द्रमान शेरचन र मेशिनका दाता प्रधानले मगरघाट विकास तथा ब्यवस्थापन परिषदका अध्यक्ष तेजमान थापालाई हस्तान्तरण गरेका हुन् ।

प्रधानले ललितपुर महानगरपालिका र अन्य दुई स्थानीय तहमा विद्युतीय शव दाह मेशिन र अन्य ठाउँमा तिलोत्तमाको जस्तै मेशिन जडान गरिदिने योजनामा रहेको बताए । मलेशियन प्रविधिको उक्त मेशिनमा शब जलाउँदा निस्कने धुवाँको ९० प्रतिशत प्रदूषण रोकिने तथा दाउरा र समय दुबै आधा कम लाग्ने प्रधानले बताए ।

'४२ वर्षदेखि पानीबाट विद्युत् निकाल्ने व्यवसायमा छु, तर नदीको स्वच्छ पानीलाई परम्परागत ढंगले दाह संस्कार हामीले फोहोर र प्रदुषित बनायौं, अब यसलाई रोक्नुपर्छ र दाह संस्कारलाई आधुनिक र प्रविधिमैत्री बनाउन तीनै तहका सरकारको ध्यानाकर्षण गराउन ९ ठाउँमा आधुनिक शव दाह मेशिन र एउटा शव दाह वाहन खरिद गर्न दश करोड वजेट खर्च गर्दैछु,' प्रधानले भने-'हिन्दु बाहुल्य मुलुकमा अन्त्येष्टीका क्रममा नदीहरुमा हुने फोहोर र प्रदूषणबारे कसैले चासो नदिएको हुँदा यसबारे पर्यावरणीय र वातावरणीय सचेतना फैलाउने उद्देश्य पनि हो ।'

प्रदुषणमुक्त दाहसंस्कार गर्ने मेशिन बनाउन डा. महाविर पुनसंग थप मद्दत लिएर काम गरिरहेको उनले बताए ।




मेशिन सञ्चालनका लागि घाटमा अक्षयकोष स्थापना गर्ने र मृत्यु हुने व्यक्तिको परिवारबाट न्यूनतम शुल्क लिएर त्यसबाट वृक्षारोपण गरी वातावरण संरक्षण गर्न सकिने र भविष्यमा दाउराको स्रोत हुने उनले सुझाव दिए ।

परियोजना संयोजक बिन्ध्याकेशर जोशीले पर्यावरणमैत्री शव दाह गृहको संरचना निर्माणमा तिलोत्तमा नगरपालिकाबाट १० लाख रुपैयाँ तथा ८७ जना दाताहरुबाट ३७ लाख रुपैयाँ आर्थिक सहयोग भएको बताए ।

मगरघाट विकास तथा ब्यवस्थापन परिषद्का अध्यक्ष तेजमान थापाले पर्यावरणमैत्री नयाँ मेशिनबाट शव दाह गर्दा वातारवण संरक्षणमा योगदान पुग्ने बताए । मगरघाटमा मेशिन जडित एउटासहित ५ वटा शव दाह स्थल भएका छन् ।

तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले आधुनिक मेशिनसहितको शव दाह गृहले पर्यावरण संरक्षणमा टेवा पुग्ने भन्दै यसलाई सबै स्थानीय तहले अनुशरण गर्नुपर्ने बताए ।

कार्यक्रममा रोटरी इन्टरनेशनल ३२९२ का पूर्व डिजी राजेन्द्र ध्वजु, आरसी काष्ठमण्डपका सोफिया उपाध्याय, समाजसेवी डा. विमला प्रधान, रोटरी बुटवलका अध्यक्ष प्रज्ज्वल थान्जु, क्लबका प्रेसिडेन्ट इलेक्ट कृष्ण पराजुलीले समयको मागअनुसार समुदायको उत्थानमा सरकार र संघसंस्थाहरुको पहल जरुरी रहेको भन्दै आगामी दिनहरुमा समेत थप परियोजनाहरु गर्ने बताए ।

## नेपाली महिला टिम फाइनलमा



बुटवल । नेपाल र म्यानमार एक खेल खेल्नुअगावै अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बिहीबार भएको खेलमा नेपालले लेबनानमाथि १-० को जित निकालेपछि दुवै टोलीले फाइनलमा स्थान पक्का गरेका हुन् ।

नेपालको जितमा पहिलो हाफमा गरेको एकमात्र गोल नै निर्णायक बन्यो। ४२औं मिनेटमा सावित्रा भण्डारीको प्रहार लेबनानी खेलाडी फराहलाई डिफ्लेक्ट भएर गोल भएको थियो । यीबाहेक दुवै टोलीले गोल गर्ने थुप्रै अवसरहरू सदुपयोग गर्न सकेनन् ।

१०औं मिनेटमा क्रिस्टी मालोफको प्रहार एन्जिलाले बचाइन् । ११औं मिनेटमा बिमलाले गरेको प्रहार पोस्टमाथिबाट बाहिरियो । १३औं मिनेटमा लैला इस्कन्दरले दुईपटक गोलरक्षक बिट गरिसकेको अवस्थामा गोल गर्न चुकिन् । १५औं मिनेटमा प्रीति राईको प्रहार पोस्टको केही माथिबाट बाहिरियो ।

१७औं मिनेटमा रेखा पौडेलले सबिता रानामगरको क्रसमा हेडर मिस गरेकी थिइन् । २३औं मिनेटमा साम्बाको प्रहार पोस्टको वाइड गयो । २६औं मिनेटमा बिमला चौधरीको हेडर फितलो रहँदा लगत्तै ओपन चान्समा रेखाले बल भेटाउन सकिनन् । त्यसलगत्तै फेरि साम्बाको प्रहारले पोस्टको दिशा लिन सकेन ।

» *बाँकी ३ पेजमा*

## ७ महिनामा लुम्बिनीको बजेट खर्च २४.९१ प्रतिशत मात्रै

बुटवल । लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको फागुन ३ गतेसम्म कुल बजेटको २४.९१ प्रतिशत मात्र खर्च गरेको छ । जसमा पुँजीगत खर्च २२.८३ प्रतिशत र चालु खर्च २८.४७ प्रतिशत रहेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । चालु वर्षमा ३८ अर्ब ९७ करोड बजेट विनियोजन गरिएको थियो । जसमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड र चालु खर्चतर्फ ११ अर्ब २४ करोड विनियोजन गरिएको थियो ।प्रदेश सरकारको बिहीबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय दाङमा भएको अर्धवार्षिक समीक्षामा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले अन्य प्रदेशको तुलनामा लुम्बिनीको बजेट खर्च धेरै भएको दाबी गरे । मुख्यमन्त्री चेतनारायण आचार्यले पुँजीगत खर्च सन्तोषजनक नभएकाले खर्च बढाउन र सम्पन्न आयोजनाहरूको भुक्तानी अविलम्ब गर्न निर्देशन दिएका छन् ।

» *बाँकी ३ पेजमा*

## शाइन रेसुंगा 'राष्ट्रिय टेन के' दौडमा नाम दर्ता गराउने म्याद आजसम्म



बुटवल । सर्वाधिक राशिको 'शाइन रेसुंगा राष्ट्रिय टेन के रन' (दौड प्रतियोगिता )मा भाग लिन नाम दर्ता गराउने म्याद आज दिउँसोसम्म बाँकी रहेको छ ।

फागुनको ११ गते बिहान ७ बजे आयोजना हुने दौड प्रतियोगिताको लागि आज ९ गते दिउँसो १२ बजेसम्म अनलाइनबाट वा बैंकको केन्द्रीय कार्यालय बुटवलमा पुगेर फर्म भरी नाम दर्ता गराउन सकिने बैंकले जनाएको छ । बिहीबारसम्म नाम दर्ता उत्साहजनक रहेको र कार्यक्रमलाई भब्य बनाउन धेरैभन्दा धेरै धावक सहभागी होउन् भन्ने बैंकको उद्देश्य रहेको प्रमुख पकार्यकारी अधिकृत प्रकाश पौडेलले बताए ।

'रन टु साइन' भन्ने नाराका साथ आयोजना गर्न लागिएको प्रतियोगितामा राष्ट्रियस्तरको महिला/पुरुष खुला, स्थानीय र ५० वर्षमाथि गरी तीन विधा समावेश गरिएको छ ।

प्रतियोगिताको पुरस्कार राशि पाँच लाख रुपैयाँ रहेको छ । खुलातर्फको महिला/पुरुष विजेताले एक-एक लाख रुपैयाँ प्राप्त गर्नेछन् । एथलेटिक्सको १० किलोमिटर विधामा राखिएको यो पुरस्कार रकम नेपालकै सर्वाधिक रकम हो ।

खुलातर्फ दोस्रो हुनेले ४० हजार, तेस्रो हुनेले २० हजार, चौथो हुनेले १५ हजार र पाँचौं हुने धावकले १० हजार रुपैयाँ प्राप्त गर्नेछ । स्थानीय र ५० वर्षमाथिको विधाका विजेताले १५ हजार, दोस्रोले १० हजार, तेस्रोले पाँच हजार, चौथोले २५ सय रुपैयाँसहित मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन् ।

इच्छुक सहभागीले शाइन रेसुंगा डेभलपमेन्ट बैंकको वेबसाइटमा गएर निःशुल्क नाम दर्ता गर्न सक्नेछन् । बुटवलस्थित बैंकको केन्द्रीय कार्यालयमा समेत भौतिक रूपमा फारम भरी नाम दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

बुटवल कालिकानगरस्थित बैंकको केन्द्रीय कार्यालयबाट फागुन ११ गते बिहान ७ बजे सुरु हुने दौड मणिग्राम चोकमा पुगेर पुनः केन्द्रीय कार्यालय परिसरमै आई समापन हुनेछ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) र नेपाल एथलेटिक्स संघको स्वीकृतिमा सञ्चालन हुने प्रतियोगिताको अपरेसन र व्यवस्थापन कखरा इभेन्टले गरेको छ ।

» *बाँकी ३ पेजमा*

## लुम्बिनीमा 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सुरु हुँदै

देउखुरी । लुम्बिनी प्रदेशमा 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सुरु हुँदैछ । सामाजिक विकास मन्त्रालयले प्रदेशका सबै विद्यालयमा अध्ययनरत पूर्वविद्यार्थीको ज्ञान, सीप र लगानीको सदुपयोग गर्ने उद्देश्यले 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सुरु गर्न लागेको हो ।

मुख्यमन्त्री चेतनारायण आचार्यले शुक्रबार आफूले अध्ययन गरेको अर्घाखाँचीको अर्घा रजस्थल माध्यमिक विद्यालयबाट अभियानको शुभारम्भ गर्ने कार्यक्रम रहेको छ। एकसाथ १५ वटा विद्यालयबाट अभियानको सुभारम्भ गरिदैछ । 'सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउन यो अभियान आवश्यक परेको हो,' मुख्यमन्त्री आचार्यले भने-'७० प्रतिशत बालबालिकाको रोजाइ बन्न सफल सामुदायिक विद्याल प्रति अझैं भरोसा र विश्वास बढाउन जरुरी छ ।'

सार्वजनिक बिद्यालको शाख र गरिमालाई कायम गर्न सबै सरोकारवालाको सामुदायिक विद्यालय प्रतिको जवाफदेहीता वृद्धि गर्न प्रदेश सरकारको नीति कार्यक्रममा मेरो विद्यालय मेरो दायित्व सामाजिक अभियान समावेश थियो ।

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले प्रदेशभरका सामुदायिक विद्यालयलाई लक्षित गरी यो अभियान सञ्चालन गरिने जानकारी दिए ।

यो अभियानमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । गत वर्ष एसईईको नतिजा कमजोर आएपछि सुधारका लागि थालिएको यो अभियानले विद्यार्थीमा गुणस्तरीय सिकाइ अभिवृद्धि गर्न पूर्वविद्यार्थीको योगदानलाई समेट्ने विश्वास गरिएको छ । आफूले पढेको विद्यालयका बारेमा जानकारी लिन, पूर्व र वर्तमान विद्यार्थीबिच अन्तरक्रियागरी शैक्षिक अवस्था सुधार्न यो अभियान प्रभावकारी हुने विश्वास लिइएको छ ।

प्रदेशमा ६ हजार तीन सय ४० विद्यालय छन् । जसमध्ये चार हजार पाँचसय ३१ सामुदायिक विद्यालय छन् । यी विद्यालयमा अध्ययनरत १२ लाख ८८ हजार दुई सय ९८ विद्यार्थीमध्ये नौ लाख २५ हजार छ सय २९ जना विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् । माध्यमिक शिक्षा परीक्षाको नतिजाले लुम्बिनी प्रदेशमा सुधारको आवश्यकता देखाएअनुसार अभियान थालिएको हो । २०८० को एसईई परीक्षामा सहभागी ८० हजार दुई सय २७ विद्यार्थीमध्ये ३१ हजार एक सय तीनजना मात्र ग्रेडेड हुन सफल भएका थिए, जसअनुसार नतिजा ३८.७२ प्रतिशत मात्र रहेको छ । राष्ट्रिय औसत ४७.८७ प्रतिशत हुँदा लुम्बिनी प्रदेशको नतिजा कमजोर देखिएको छ ।

सामुदायिक विद्यालयमा झनै कमजोर अवस्था रहेको छ । प्रदेशमा चार हजार पाँच सय ३१ सामुदायिक विद्यालयमध्ये दुई हजार ६५ विद्यालयमा विद्यार्थी संख्या १०० भन्दा कम छ ।

यी विद्यालयको संख्या कुल विद्यालय संख्याको ४५.५७ प्रतिशत हो । विगतमा समुदायले अपनत्व लिई सञ्चालित विद्यालयमा आज त्यही समुदायको संलग्नता कमजोर बन्दै गएको छ ।

नेपालका उत्कृष्ट सामुदायिक विद्यालयहरूमध्ये पाँच विद्यालय लुम्बिनी प्रदेशमै छन् । तिनको सफल अभ्यासलाई अन्य विद्यालयमा विस्तार गर्दै शैक्षिक सुधारको लागि 'मेरो विद्यालय, मेरो दायित्व' अभियान थालिएको हो । अभियानमार्फत् विद्यालय व्यवस्थापन, सामाजिक जागरुकता, आर्थिक स्रोत परिचालन, भौतिक सुधार तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विभिन्न गतिविधि सञ्चालन गरिनेछ । यस अभियानअन्तर्गत शिक्षाबाट वञ्चित वर्गलाई मूलधारमा ल्याउन आर्थिक तथा भौतिक सहयोग जुटाइनेछ ।

» *बाँकी ३ पेजमा*



# सम्पादकीय

## अवैध कुखुरा आयात रोक

खुला सीमाबाट कुखुरा र मासु अवैध आयात हुँदा नेपाली कुखुरापालक किसान मारमा परेका छन् । भन्सार कार्यालय र सीमा क्षेत्रमा रहेका सुरक्षा निकायका चौकीहरुको बेवास्ताले अवैध आयात मौलाएको छ । भारतबाट ठूलो परिमाणमा आयात भएपछि नेपाली किसानको कुखुराले मूल्य नपाउने अवस्था आएको छ ।

भारतमा दाना, औषधिलगायत सस्तो हुँदा उत्पादन लागत नेपालमा भन्दा थोरै छ। भारतमा भन्दा धेरै उत्पादन लागत भएको कुखुरा उत्पादन गरेर भारतीय कुखुरासँग प्रतिस्पर्धा गर्न नेपाली किसानलाई कठिन छ। अवैध आयात भएको सस्तो कुखुरासँग प्रतिस्पर्धा गर्न नसक्दा पेशाबाटै पलायन हुनुको विकल्प छैन। कुखुरा पालेर जीविकोपार्जन गरेका युवा अन्ततः रोजगारीको लागि खाडी मुलुकतिरै जानुपर्ने बाध्यता छ । अवैध आयात रोक्दा नेपाली किसानले राहत पाउँछन्, युवाको बढ्दो पलायनलाई रोक्ने अवसर पनि हो ।

कुखुरापालक किसान संघ रूपन्देहीका अनुसार, रूपन्देहीमा दैनिक तीनसय क्वीन्टल कुखुरा भारतबाट अवैध रुपमा भित्रिएको छ। बर्डफ्ल्यूले कुखुरा व्यवसाय जोखिममा परेर धेरै युवा पलायन भए । त्यसपछि कोभिडले पनि कुखुरा पालनबाट पलायन गरायो । अहिले जेनतेन धानिएको व्यवसाय मारमा पर्दा अवैध आयात रोक्न अभियान चलाएका छन्, उनीहरुको यो अभियान स्वाभाविक छ। प्रहरीले निगरानी गर्न नसक्दा अवैध आयात भएकोले प्रहरीकै सहयोगी भइ निगरानी गर्न ध्यान दिनुपर्छ । अवैध आयात रोक्न भन्दै थालिएको अभियानलाई कानुन हातमा लिने औजारको रुपमा प्रयोग गर्न हुन्न ।

कुखुराको मासु र अण्डा निर्वाध आयात हुँदा त्यसले बर्डफ्ल्यूको जोखिम हुनसक्छ । विगतमा बर्डफ्ल्यूको महामारीका बेला आयात नियन्त्रण गरिएको थियो । बर्डफ्ल्यूविरुद्धको अभियानका बेला भारतीय सेतो अण्डा नियन्त्रण गरिएको थियो। भारतीय अण्डा आयात बन्द हुँदा नेपाल अण्डामा आत्मनिर्भर भयो। कुखुराको अवैध आयात रोक्न बेवास्ता गर्ने हो कुखुरापालन व्यवसाय धराशायी हुन्छ नै, अरु क्षेत्रमा पनि अवैध आयात मौलाउँदै जानेछ, जसको असर चौतर्फी पर्ने निश्चित छ। अवैध आयात निर्यातले अपराध मौलाउँछ। समाजमा शान्ति सुरक्षामा चुनौती हुन्छ। समाजमा अपराध नियन्त्रण गर्न पनि अवैध आयात निर्यात रोक्न ध्यान दिनुपर्छ।

# २००७ सालको फागुन ७



विन बहादुर कुँवर

फागुन ७ प्रजातन्त्र दिवस अर्थात् २००७ साल फागुन ७ गते १०४ वर्षे जहानियाँ राणा शासनको अन्त्य भई पहिलो पटक नेपालमा प्रजातन्त्र स्थापना भएको दिन । त्यसै सन्दर्भमा प्रत्येक वर्ष नेपालमा सरकारले यो दिनलाई प्रजातन्त्र दिवसको रुपमा मनाउँदै आएको छ। यो वर्ष पनि नेपाल सरकारले यस्तै सरकारी बिदा र विभिन्न खाले उत्सव, सभा, गोष्ठी सञ्चालन गरेको छ । जनताको नाममा राष्ट्रपति, प्रधानमन्त्री र विभिन्न दल नेताहरुले यसको बारेमा सम्बोधन गरेका छन् । यतिसम्मकि जनताबाट फ्याकिएका पूर्व राजा ज्ञानेन्द्र शाहले समेत २००७ साल फागुन ७ को संमरणमा केही आफ्ना मन्तव्य व्यक्त गरी आफूलाई पुनः सहयोग समर्थन गर्न जनतालाई आह्वान गरेका छन् ।

केही दिन पहिले प्रधानमन्त्री केपी ओलीले लुम्बिनी प्रदेशसभालाई सम्बोधन गर्दै फागुन ७ को प्रजातन्त्र दिवसलाई नेपालको पहिलो ठूलो मुक्ति युद्ध भएको घोषणा गरेका थिए । निश्चय नै नेपालका केही तत्कालीन राणा विरोधी सामन्ती, दलाल, पुँजीपति र राष्ट्रघातीहरुलाई यो ठूलै उपलब्धि नै थियो । तर देशका किसान-मजदुर-देशभक्त, न्यायप्रेमी विद्रोही जनताका लागि यो धोका नै थियो । खाली यो राजा-राणा र कांग्रेसबिचको त्रिपक्षीय सत्ता स्वार्थ गठबन्धन मात्र थियो। त्यो पनि तत्कालीन भारतीय शासकहरुको स्वार्थमा आधारित थियो । त्यही भएर त्यसको लगत्तै त्यतिबेला नेपालमा त्यो त्रिपक्षीय अर्थात् राजा-राणा-कांग्रेसबीचको दिल्ली सम्झौता धोका हो भन्दै देशव्यापी त्यसको विरोध भएको थियो। विरोधको क्रममा १४ वर्षे विद्यार्थी चिनियाँ काजीको काठमाडौंमा गोली चलाई हत्या गरिएको थियो । तत्कालीन त्रिपक्षीय सरकार प्रमुख राणा मोहन शमशेर भए पनि गृहमन्त्री कांग्रेस नेता बीपी कोइराला थिए। तै पनि तिनै कोइरालालाई अहिले पनि प्रजातन्त्रका मसिया महानायक भन्ने गरिन्छ।

त्यो त्रिपक्षीय गठबन्धनका विरुद्ध खाली केही विद्यार्थीहरुले मात्र नभई तत्कालीन ने.क.पा.को साथै अन्य विभिन्न देशभक्त तथा प्रजातन्त्र प्रेमी विभिन्न जनसमुदायहरुले पनि गरेका थिए । स्वयं तत्कालीन विद्रोही नेता डा. के.आई. सिंहको नेतृत्वमा ठूलै सशस्त्र विद्रोह नै भएको थियो। उक्त विद्रोहलाई दबाउन भारतीय फौज नै परिचालन गरी डा. सिंहलाई भैरहवामा गिरफ्तार गरी जेलमा नै थुनिएको थियो । तैपनि जेल ब्रेक गरी डा. के आई सिंहको नेतृत्वमा जनमुक्ति सेना नै निर्माण गरी त्यसको विरोध गरिएको थियो। उनको त्यो सशस्त्र विद्रोह दबाउन तत्कालीन सरकारले मात्र होइन भारतीय शासकहरुले पनि नसकेपछि तत्कालीन राजा त्रिभुवनको झुटो समाचार र पत्रका आधारमा उनलाई काठमाडौं बोलाई धोका दिँदै सिंहदरबार सैनिक बगी खानामा थुनेर राखियो। तर त्यसका विरुद्ध उनी र उनको फौजले मात्र होइन त्यहाँ स्थिति तत्कालीन नेपाली सेनाले समेत गरेको थियो । भैरहवा जेल ब्रेक गरी बाहिरिएका डा. सिंह तत्कालीन सरकारको कपटीपूर्ण जालसाँजी षड्यन्त्र र धोकेवाजको विरोध गर्दै त्यहाँबाट पनि विद्रोह गरी आफ्नो आजादी फौजसहित चीनको राजनीतिक शरणमा पुगेका थिए।

त्यस्तै विद्रोह पश्चिम नेपालमा भिमदत्त पन्तले गरेका थिए । उनलाई भारतीय सेनाकै भरमा मारियो र त्यो किसान विद्रोहलाई दबाइयो । स्वयं तत्कालीन नेकपाले पनि त्यसका विरुद्ध ठूलठूला किसान आन्दोलन र विद्रोह गर्‍यो। पूर्वी तराईमा त्यस्ता अनेकौं किसान संघर्ष भए । तर त्यसलाई पनि दबाउने काम भयो । त्यसैलाई आधार बनाएर तत्कालीन कांग्रेस नेतृत्वको सरकारले स्वयं नेकपालाई नै प्रतिबन्ध लगाउने काम गर्‍यो । यस अर्थमा नै त्यो २००७ सालको त्रिपक्षीय गठबन्धन अर्थात् राजा-राणा कांग्रेसबिचको दिल्ली सम्झौतालाई धोका भनिएको थियो । स्वयं नेकपा संस्थापक पहिलो नेता क. पुष्पलालले नै २००५ सालमा कम्युनिष्ट घोषणा पत्रको नेपाली अनुवादको पहिलो संस्करणमा नै त्यतिबेला लेखी भनेका थिए-'जस्तो आज चालिस राणाहरुको आजादीलाई नेपाली जनताको आजादी भन्न सकिन्न त्यस्तै भोलि २०० सय नेपाली जमिनदार र पुँजीपतिहरुको आजादीलाई पनि नेपाली जनताको आजादी भन्न सकिन्न । नेपाली तब मात्र पूर्ण रुपले आजादी (स्वतन्त्र)हुन सक्छ जब यो कम्युनिष्ट घोषणा पत्र नेपालमा कार्य रुपमा परिणत हुनेछ।' त्यही भएर क. पुष्पलालले सुरुदेखि नै त्यो दिल्ली सम्झौताको विरोध गरिरहे। तर आज तिनै पुष्पलालका अनुयायी हुँ भन्ने प्रम ओलीले २००७ सालको त्यो पुरानो इतिहासलाई बिर्सेर त्यसको मात्र स्तुतिगान गर्न कति सुहाउँछ ?

त्यो २००७ सालको आन्दोलन फगत राजा-कांग्रेसका र राणाहरुको लागि मात्र गरिएको थिएन । त्यसको मूल उद्देश्य जुन नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा घोषित कार्यक्रम लागू गर्नका लागि पनि थियो । त्यसमा भनिएको थियो-'सामन्ती एकतन्त्रवाद तथा विदेशी अधिनाकयत्वको पूर्ण उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधिनता । मजदुर- श्रमजीवी किसान र उत्पीडित निम्न पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार जसले अंग्रेज अमेरिकी साम्रराज्यवाद र त्यसको भारतीय पिछलगूहरुसित सहयोगको विरोध हुनेछ। जसले शान्ति तथा सबै जातजातिहरुको स्वतन्त्रताका लागि क्रियाशील जनवादी राज्यहरुसित सहयोग गर्दछ।' यस्ता अन्य केही कार्यक्रम त्यसमा उल्लेख गरिएको यो गणतान्त्रिक कालमा पनि पूरा भएका छैनन्। जस्ताको तस्तै झन बढ्दो रुपमा छन् । २००७ सालको परिवर्तन मूल विशेषता भनेको जहानियाँ राणा शासनको अन्त्य त्यो पनि पछि भएका जनआन्दोलन र विद्रोहका कारणले गर्दा अर्थात श्री-३ को सट्टामा श्री ५ को शासन सत्ता अन्तर्गत केही भक्तिभाव सामन्ती र दलाल पुँजीपति वर्गको शासन सत्ता हो । त्यसले गरेको काम भनेको प्रजातन्त्रको नाममा निरंकुशता लादेको (जस्तो उदाहरण नेकपा माथिको प्रतिबन्ध) अनि देशको राष्ट्रियता र स्वाभिमानमा खेलवाड गरेको छ । अर्थात् छोटकरीमा भन्दा राष्ट्रघात र जनघात गरेको ।

उदाहरणका लागि पहिलो पटक भारतीय सेनालाई नेपाल भित्राई डा. के.आइ.सिं र भिमदत्त पन्तको जनविद्रोहलाई दबाउने काम गरेको। त्यसपछि नेपालको होइन भारतको सुरक्षार्थ नेपालको उत्तरी चेक पोष्टमा भारतीय सैनिक फौजको तैनाथी, गण्डकी, कोशी पानी नहर र विद्युत भारतलाई सुम्पी ठूलो राष्ट्रघात गरेको, नेपाल एक स्वतन्त्र र स्वाभिमान राष्ट्रको रुपमा न स्वीकारी भारतकै एउटा प्रान्त जस्तै देशको हरेक प्रशासनिक गतिविधिमा समेत भारतकै निगरानी र हस्तक्षेप हुने गरेको यतिसम्मकि नेपालको हरेक मन्त्रिपरिषद्को बैठकमा समेत भारतीय प्रतिनिधिको उपस्थिति हुने गरेको, कालापानी, लिपुलेक, सुस्ता-महेशपुर, मानेभञ्ज्याङ आदि थुप्रै ठाउँमा सीमा अतिक्रमण हुँदा तत्कालीन कांग्रेसी सरकारको मौनता, सुगौली सन्धि खारेजी होइन पुनर्स्थापना, व्यापार तथा पारवाहन सन्धी यथावत गोर्खा भर्ती केन्द्रको खारेजी होइन यथावत यी आदिप्रति भएको नेपाल-भारतबिचको विभिन्न खाले सन्धि सम्झौताले नेपालको राष्ट्रियता, स्वतन्त्रता र स्वाभिमानमाथि ठूलो हस्तक्षेप भएको छ । त्यसैले त्यतिबेला कांग्रेसी नेता वीपीले नेपाललाई खाली एउटा प्रशासनिक एकाई भएको भनेका थिए । पछि नेपालकोको उत्तरी चेकपोष्टमा अवस्थित भारतीय सेना हटे त्यो पनि शाही पञ्चायती प्रधानमन्त्री कीर्तिनिधि विष्टको निर्णयमा । तर अहिले पनि कालापानी-लिपुलेकबाट भारतीय सेना हटेको छैन। उल्टै उक्त त्यो सबै भूभाग आफ्नै हो भनी भारतले आफ्नो नयाँ नक्सामा त्यसलाई समावेश गराएको छ। के यही थियो त २००७ सालको उपलब्धि ?

२००७ साल फागुन ७ को दिल्ली सम्झौता भएको ठूलो राष्ट्र र जनघातको बदलामा पटकपटक नेपालमा ठूलठूला आन्दोलन र संघर्ष हुँदै आएका छन् । २०४५/०४६ सालको जनआन्दोलन खाली निरंकुश राजतन्त्रको अन्त्यको लागि मात्रै भएको थिएन देशको राष्ट्रियता र स्वाभिमानका लागि पनि भएको थियो । त्यसमा पनि प्रत्यक्ष भारतीय हस्तक्षेप भयो र कांग्रेस-वाम र राजा बीच त्रिपक्षीय सहमति भई हिजोका राणा जस्तै पंचेहरु हटे । तर भारतीय हस्तक्षेप र भारतसँग भए गरेका ती सबै असमान सन्धि सम्झौता खारेज भएनन् झन् नयाँ नयाँ सन्धि सम्झौता थपिए । कांग्रेस-एमाले दुवै भारतकै दलाली र भक्तिभावमा मात्र रमाए । गण्डकी, कोशी सम्झौता भन्दा ठूलो राष्ट्रघाती सम्झौता महाकाली नदीमा भयो । त्यसैलाई मूल आधार बनाएर अर्थात महाकाली नदीको नक्कली मूल मुहान अर्कै बनाएर कालापानी-लिपुलेक र लिपियाधुरा आदि त्यो सबै भू-भागलाई अहिले भारतले आफ्नै भनेर त्यहाँबाट चिनियाँ दुई पक्षीय व्यापार पारबहन सहमति समेत गरिसकेको छ।

२००६ साल नेकपाको स्थापना कालमा भनिएका विभिन्न नारा-माग र कार्यक्रमलाई २००७ साल फागुन ७ मा सम्पन्न त्रिपक्षीय दिल्ली सम्झौताले सम्बोधन नगरी धोका भएकाले त्यसका लागि पुनः पटक-पटक आन्दोलन र विद्रोह भयो । २०२८ को झापा विद्रोही २०४५-०४६ को जनआन्दोलन अनि १० वर्षे माओवादी जनयुद्ध साथै २०६२।०६३ सालको संयुक्त जनआन्दोलन आदि भए पनि त्यो माग, नारा र कार्यक्रम अहिले पनि अधुरै छ । प्रम केपी ओली र कांग्रेस-एमालेका केही नेता-कार्यकर्ताहरुले २००७ साल फागुन ७ को जतिसुकै प्रशंसा र महिमा गाउँदै हिंडे पनि खासमा अहिले न देशमा जनताको प्रजातन्त्र छ । न देशमा जनताको गणतन्त्र नै छ। खाली केही कांग्रेसी र केही एमाले नेताहरुको मात्रै भजनतन्त्र मात्रै छ । त्यसमा पछि पछि अहिले प्रचण्ड माओवादी, रवि लामिछाने रास्वपा पनि देखा पर्दैछन् । देशको राष्ट्रियता, स्वाभिमान र स्वतन्त्रताप्रति त यिनीहरुले आँखा नै चिम्लिबसेका छन् । भारतीय विस्तारवाद, अमेरिकी साम्रराज्यवाद र चिनियाँहरुको दलाली चाकडी र गुलामीमा नै दिन बिताइरहेका छन् । आफूआफूमा तछाडमछाड सत्ता लुछाचुँडीमा हानथाप छ।

यही फागुन ७ को अवसरमा पूर्व राजा ज्ञानेन्द्रको वक्तव्यवाजी आएको छ। विस्थापित राजाले पुनःस्थापित हुन खोज्दैछन् । २००७ देखि २०१७ सालसम्मको कांग्रेसी यस्तै व्यवहारले त्यतिबेला निरंकुश र तानाशाही राजतन्त्रसहितको निर्दलीय पंचायती व्यवस्था देशमा लादियो । २०४६ सालदेखि २०५९ सालसम्मको कांग्रेस-एमाले रवैयाले ज्ञानेन्द्र शाहीको शाही निरंकुशतालाई पुनः निम्त्याइयो । अब अहिले पुनः कांग्रेस-एमाले र माओवादीको त्यस्तै रवैयाले फेरि त्यस्तै निरंकुशतालाई प्रोत्साहित पार्ने त होइन ? प्रश्न उठ्न थालेको छ । खुलम्खुला ज्ञानेन्द्र शाहले नेपाली जनतालाई आह्वान गरेका छन् अब मलाई साथ देउ। देशमा गणतन्त्र आइसकेपछि पनि अब ज्ञानेन्द्रलाई जनताको सहयोग र साथ किन ? न उनी अहिले शासक छन् न उनी अहिले खास जनता नै छन्। छन् केवल उनी राज्यबाट पालित-पोषित र संरक्षित खन्चुवा मात्र। तैपनि बेला मौकामा उनले सपना देख्न छाडेका छैनन् । फेरि त्यस्तै शासक बन्ने दिवास्वप्ना। ज्ञानेन्द्रले यसो भनिरहँदा पनि देशका अहिलेका खास शासक कांग्रेस-एमाले अनि प्रतिपक्षी दल माओवादी त्यसमा पनि प्रम ओलीलाई यसप्रति कुनै चासो र मतलब छैन। उल्टै २००७ साल फागुन ७ को स्तुति र महिमा गाउँदै हिंड्नमा ठिक्क छ।

कतै प्रम ओली र ने.का. सभापति देउवा नै ज्ञानेन्द्रको त्यो आह्वानलाई सहयोग र समर्थन गर्ने पक्षमा त छैनन् ? यिनै कांग्रेस-एमालेकै नेताहरुले ज्ञानेन्द्रलाई दाम चढाएर राजा बनाएकै हो । कांग्रेसी नेता देउवाले सत्ता आफैं चलाउन नसकी सत्ता ज्ञानेन्द्रलाई बुझाएकै हो । गोरु गाँडामा चढेर गणतन्त्र आउँछ ? भनेर खिसीटियुरी ओलीले गरेकै हो। १० वर्षे जनयुद्धको पछिल्ला कालमा ज्ञानेन्द्रलाई राजा मानेर आफूले शासन सत्ता संचालन गर्ने सहमति प्रचण्डबाट भएकै हो। अब पनि यी नेताबाट जे पनि हुन सक्छ । तर नेपाली जनता अब धेरै सचेत भइसकेका छन् । सामन्ती र निरंकुश राजतन्त्रको ठाउँमा दलाल पूँजीवाद त्यसबाट पनि अब पछि फर्कदै सामन्ती निरंकुश राजतन्त्रसहितको सामन्ती दलाल पुँजीवादलाई कुनै पनि हालतमा स्वीकार्ने पक्षमा नेपाली जनता छैनन्।

वर्तमान सञ्चालित राज्य सत्ताको स्वरुप सारमा सामन्ती, दलाल र नोकरशाही बुर्जुवा भए पनि गणतन्त्रको पक्षमा निरंकुश जहानियाँ राजतन्त्रको विपक्षमा छ । तर यही यथास्थिति र पाराले यो टिकिरहन सक्दैन । यसको विकल्प जनगणतन्त्र नै हो। तर यसप्रति न कांग्रेस न एमाले र माओवादीहरु नै अग्रसर छन् । अवस्था अब अग्रगमन कि प्रतिगमनको छ। पूर्व राजा पुराना पञ्चे, मण्डले, धर्म निरपेक्ष विरोधी ब्राह्माणवादी हिन्दूत्व आदि प्रतिगमनको पक्षमा खुलेर देखा पर्दैछन् भने देशका वामपन्थी देशभक्ति र क्रान्तिकारी सबै अग्रगमनको अर्थात् जन गणतन्त्र नेपालको पक्षमा छन् । यथास्थितिवादी कांग्रेस-एमाले र माओवादी अहिले न यता न उता कालान्तरमा प्रतिगामी कित्तामा नै जानेछन्।

# अन्तरविद्यालयस्तरीय उपमेयर छात्रा भलिबल प्रतियोगिता सुरु




देवदह । रुपन्देहीको देवदहमा तेश्रो अन्तरविद्यालयस्तरीय उपमेयर छात्रा भलिबल प्रतियोगिता-२०८१ सुरु भएको छ।

देवदह नगरपालिकाको आयोजनामा भएको उक्त प्रतियोगिताको एक कार्यक्रमकाबिच नगरप्रमुख धुव्रसाद खरेल, उपप्रमुख विद्यालक्ष्मी गुरुङ्ग, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले उद्घाटन गरेका हुन्। देवदह नगरपालिकाले हरेक वर्ष उप-प्रमुख छात्रा भलिवल प्रतियोगिताको आयोजना गर्दै आइरहेको छ। तेश्रो अन्तरविद्यालयस्तरीय उपमेयर छात्रा भलिबल प्रतियोगिताअन्र्तगत पहिलो दिन विभिन्न खेलहरु सम्पन्न भएको छ।

प्रतियोगितामा ग्रीन प्लान्ट आवासी मावि, केरवानी मावि, कोलिय इङ्लिस बोर्डिङ्ग स्कुल, न्यू लुम्बिनी बोर्डिङ्ग स्कुल, देवदह मावि दोश्रो चरणमा प्रवेश गरेको छ। खेलमा ग्रीन प्लान्ट स्कुलले एशियनलाईट बोर्डिङ्गलाई २५-१८, २५-१३ को सोझो सेटमा हराउदै दोश्रो चरणमा प्रवेश गरेको हो।

यसैगरी केरवानी मविले महामाया भवानी माविलाई २५-२२, २५-१९ को सोझो सेटमा हराउँदै दोश्रो चरणमा प्रवेश गरेको हो। प्रतियोगिताअन्र्तगतको तेश्रो खेलमा कोलिय बोर्डिङ्ग स्कुलले जनप्रिय माविलाई २५-१६, २५-१० को सोझो सेटमा हराएको छ।

न्यू लुम्बिनी बोर्डिङ्ग स्कुलले भविश्ष्य माविलाई २५-२३, २५-१६ को सोझो सेटमा हराउँदै दोश्रो चरणमा प्रवेश गरेकोमा प्रताप खवासले जानकारी दिऐ। यसैगरी देवदह माविले मदरल्याण एकेडेमीलाई २५-१२, १५-२, को सेटमा हराउँदै दोश्रो चरणमा प्रवेश गरेको छ भने मदरल्याण एकेडेमीले २५-१२ मा एक सेट जित्न सफल भएको थियो। प्रतियोगितामा देवदह क्षेत्रका १७ वटा विद्यालयको सहभागिता रहेको शिक्षा शाखा अधिकृत पर्शुराम ढकालले जानकारी दिए।

प्रतियोगितामा प्रथम हुनेले नगद ४० हजार, द्वितीय हुनेले नगद ३० हजार, तृतीय हुनेले नगद २० हजार र सान्त्वना हुनेले नगद १० हजार, शिल्ड, मेडल प्राप्त गर्ने अधिकृत ढकालले बताए। नगर खेलकुद विकास समितिका संयोजक कमल पाण्डेको अध्यक्ष, सदस्य मिलन मास्की रानाको स्वागत र सदस्य सचिव पर्शुराम ढकालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# शरीरलाई आयोडिन नुन किन आवश्यक छ ?



आयोडिन नुन शरीरलाई दैनिक रूपमा नभई नहुने सूक्ष्म पोषक तत्त्व हो। यसले थाईरोइड ग्रन्थीबाट थाईरोइड हर्मोनहरू निकाल्न मद्दत गर्दछ।

शरीरको नियमित क्रियाको लागि जस्तै कोशिकाहरूको कार्य सुचारु राख्न, दिमागको वृद्धि र विकास गर्न जस्ता मुख्य कार्यमा सहयोग गर्दछ।

शारीरिक र मानसिक विकासका लागि चाहिने हर्मोन उत्पादनका लागि पनि आयोडिनको आवश्यकता पर्ने राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले जनाएको छ।

**आयोडिनका फाइदाहरू**

-गर्भवती महिलाले दैनिक रूपमा आयोडिन नुनको सही मात्रा ५ ग्रामभन्दा कम खाएमा जन्मेको शिशुको दिमागको विकास राम्रो हुन्छ।

-आयोडिनको कमीबाट गर्भको बच्चा तुहिने, मृत वा अपाङ्गता भएका जस्तैः बोलाई सम्बन्धी अपाङ्गता भएका, शारीरिक अपाङ्गता भएका र सुस्तमनस्थिति भएका बच्चा जन्मिने जस्ता समस्याहरूबाट बच्न सकिन्छ।

-बालबालिका १२ महिना भएदेखि खानामा आयोडिनयुक्त नुन खुवाएमा बालबालिकाको मानसिक तथा शारीरिक विकासमा मद्दत गर्छ। साथै बौद्धिक विकास राम्ररी भई चनाखो बन्दछ।

-किशोरावस्थामा आयोडिनको सही मात्राले मानसिक तथा शारीरिक क्षमतामा वृद्धि हुन्छ, जसले गर्दा पढाइका साथसाथै अन्य क्रियाकलापमा पनि सकारात्मक प्रभाव पर्दछ।

-आयोडिनको सही मात्राले मानसिक तथा शारीरिक विकास राम्ररी हुन्छ। जसले गर्दा गलगाँड तथा हाइपोथरोइडजम् जस्ता समस्याहरू हुनबाट बचाउँछ।

# ३ दिने मध्यविन्दु कृषि प्रविधि प्रदर्शनी खाना महोत्सव



**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको मध्यविन्दु नगरपालिकाको आयोजननामा मध्यविन्दु कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सव २०८१ हुने भएको छ।

मध्यविन्दु नगरपालिकाले बिहीबार पत्रकार सम्मेलन गरी यस्तो जानकारी दिएको हो । महोत्सव फागुन २२ गतेदेखि २४ गतेसम्म मध्यविन्दु ७ को नवजागरण माविको रंगशालामा हुने पत्रकार सम्मेलनमा मध्यविन्दु नगरपालिकाका नगर प्रमुख भिमलाल अधिकारीले बताए।

मध्यविन्दु नगरपालिका भित्रका कृषकहरुलाई आधुनिक कृषि प्रविधिको बारेमा जानकारी गराउने, नगरपालिका भित्र उत्पादित कृषि उपजहरुको बजारिकरण गर्ने, कृषि उद्यमीहरुलाई प्रोत्साहन गर्ने, नगरपालिकाभित्र उत्पादित रैथाने खानका परिकारहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सव गर्न लागिएको मध्यविन्दु नगरपालिकाका नगर प्रमुख भिमलाल अधिकारीले बताए।

महोत्सवमा कृषि तथा प्रविधि प्रदर्शनी स्टल व्यवस्थापनदेखि कृषि प्रदर्शनी, झाँकी व्यवस्थापन, सांस्कृतिक प्रस्तुति, अन्तरक्रिया कार्यक्रम, विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता, माटो तथा गोबर परिक्षण, रैथाने खाना प्रदर्शनीलगायतका कार्यक्रम रहने नगर प्रमुख भिमलाल अधिकारीले बताए।

उनले उक्त कार्यक्रमा लागि १८ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको, महोत्सवमा २५ हजारको प्रत्यक्ष सहभागिता रहने अनुमान गरिएको र प्रवेश शुल्क निःशुल्क राखिएको बताए।

कार्यक्रममा बोल्दै नगर उपप्रमुख पूर्णकला चौधरीले मध्यविन्दु नगरपालिकाले कृषि र पशुको क्षेत्रमा केही गरेन भन्ने परिरहेको बेला गर्न लागेको कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सवले कृषकहरुलाई आधुनिकीकरण तर्फ लैजान टेवा पुग्ने बताए। कार्यक्रममा मध्यविन्दु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिशिर पौडेलले नगरपालिकाले गर्न लागेको महोत्सवमा मध्यविन्दु नगरपालिकाभित्र उत्पादित कृषि उपजको मात्र प्रदर्शनी नभएर सबै ८ वटै पालिकाहरुको प्रदर्शनी हुने विश्वास व्यक्त गरे।

उनले यहाँका कृषकहरुले व्यवसायिक रुपमा कृषि गर्न र त्यसको प्रवर्द्धन गर्न टेवा पुग्ने उद्देश्यले महोत्सव गर्न लागिएको बताए।

# लोकतान्त्रिक आदिवासी जनजाति महासंघ लुम्बिनीको प्रदेशस्तरीय प्रशिक्षण



भैरहवा । नेपाली काँग्रेसको भातृ संस्था नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ लुम्बिनी प्रदेशको आयोजनामा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण हुँदैछ । महासंघले दुई दिन भैरहवास्थित पटवा बैंक्वेटमा हुने कार्यक्रमको नेपाली काँग्रेसका उपसभापति केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठा संयोजक तथा पूर्वउपप्रधानमन्त्री पूर्णबहादुर खड्काले उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ केन्द्रीय कार्यसमितिका अध्यक्ष ओमबहादुर घर्तीमगरका अनुसार प्रशिक्षणमा लुम्बिनी प्रदेशका १२ वटा जिल्लाबाट २ सय जना प्रशिक्षार्थीहरुको सहभागीता रहनेछ।

'विभिन्न सातवटा विषयमा सातजना प्रशिक्षकले सहजीकरण गर्नुहुनेछ,' उनले भने-'लुम्बिनी प्रदेशभित्रका जिल्ला प्रतिनिधि, क्षेत्रीय प्रतिनिधि, लुम्बिनी प्रदेश केन्द्रीय सदस्य र प्रदेश कार्यसमितिको क्षमता अभिवृद्धि एवं सशक्तिकरण प्रदेश प्रशिक्षक प्रशिक्षण कार्यक्रम हुँदैछ ।' प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरुले पालिका र वडास्तरमा पुगेर अरुलाई प्रशिक्षण दिने उनले जानकारी दिए।

'नयाँ पुस्ताको मनोविज्ञानलाई आत्मसात गर्दै उनीहरुलाई लोकतान्त्रिक सिद्धान्त र आचरणका आधारमा प्रशिक्षित गरी सक्षम, अनुशासित, कर्मशील, उद्यमशील, इमानदार, नैतिकवान, असल मानिस, असल लोकतन्त्रवादी र असल कांग्रेसका रुपमा विकास गर्नु आवश्यक छ,' उनले भने- 'यही आवश्यकतालाई अनुभव गरी महासंघले प्रदेश, जिल्ला, पालिका र वडा तहसम्म (आदिवासी जनजाति) जागरण अभियानमार्फत प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्न लागिएको छ।'

नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ लुम्बिनी प्रदेशकी अध्यक्ष तथा लुम्बिनी प्रदेशसभा सदस्य माया पुनले प्रशिक्षण कार्यक्रममा नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघमा आबद्ध विभिन्न जातीय संगठनसहित लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने अन्य भातृ संगठनका नेता-कार्यकर्ताहरु पनि सहभागी हुने जानकारी दिइन्।

'पहिचान, पहुँच र प्रतिनिधित्व संगठन, व्यवस्थापन र प्रशिक्षण' भन्ने मूल नाराका साथ कार्यक्रम हुन लागेको नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ रुपन्देहीका अध्यक्ष सुरज थापाले बताए।

# 'जलस्रोत विधेयक' का ५४ वटा दफा पूर्वाधार समितिबाट पारित

काठमाडौँ । प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले 'जलस्रोत विधेयक, २०८१' का ५५ मध्ये ५४ वटा दफा पारित गरेको छ । सिंहदरबारस्थित समितिको कार्यकक्षमा बिहीबार बसेको बैठकमा भएको विधेयकमाथिको दफावार छलफलपछि समितिले जलस्रोत स्वामित्व र विकासको अधिकार, आयोगको स्थापना, काम, कर्तव्य, अधिकारलगायतका १२ परिच्छेदका ५४ दफा 'विधेयकको अङ्ग बनोस्' भनी सर्वसम्मतिले पारित भएको सभापति दीपकबहादुर सिंहले घोषणा गरे।

समितिको बैठकले दफा १७ को उपदफा १ र २ लाई भने समितिको आगामी बैठकमा पुनः विस्तृत छलफल गरी पारित गर्ने भएको छ । विधेयकको दफा १७ मा 'माथिल्लो र तल्लो तटीय लाभको गणना र बाँडफाँट' सम्बन्धी व्यवस्था गरिएको छ। सो दफाको उपदफा १ मा 'बाँध वा जलाशयको निर्माण गरी आयोजनाको विकास गर्दा त्यस्तो बाँध वा जलाशयबाट माथिल्लो र तल्लो तटीय क्षेत्रले प्राप्त गर्ने लाभ र जोखिमको विश्लेषण गरी तोकिएबमोजिम लाभको गणना र बाँडफाँट गर्नुपर्नेछ' भनिएको छ।

त्यसैगरी उपदफा २ मा 'बाँध वा जलाशययुक्त आयोजनाको विकासबाट तल्लो तटीय लाभको हिस्सा नेपालको सीमापारको भूभागमा उपलब्ध हुने अवस्था भएमा त्यस्तो लाभको न्यायोचित हिस्सा नेपालले समेत प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक कूटनीतिक पहल गर्नुपर्नेछ' भनिएको छ। विधेयकमा जलस्रोतको एकीकतृ एवं दिगो विकास, उपयोग, संरक्षण र व्यवस्थापनका लागि 'जल तथा ऊर्जा आयोग' को स्थापना गर्ने भनिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलस्रोतको दिगो विकास, उपयोग, संरक्षण एवम् व्यवस्थापन, लाभको न्यायोचित बाँडफाँट, मौसम तथा जल उत्पन्न विपद् न्यूनीकरण गर्ने उद्देश्यले जलस्रोत ऐन ल्याउनु परेको प्रस्ट पारे।

बाँधको सुरक्षा र अन्तरपुस्ता समन्यायका आधारहरू सुनिश्चित गर्नका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्न आवश्यक भएकाले ऐन ल्याएको उनको भनाइ छ। पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले दफा ३२ को उपदफा २ मा समावेश 'नक्साङ्कका आधारमा सरकारले राजपत्रमा आदेश प्रकाशन गरी भू-उपयोग क्षेत्रको वर्गीकरण गरी भू-उपयोगमा प्रतिबन्ध गराउनु पर्ने छैन' भन्ने व्यवस्थालाई विधेयकबाट हटाउनुपर्ने तर्क गरेका थिए।

# बालबालिकाको क्यान्सरको उपचारमा प्रयोग हुने औषधि हस्तान्तरण

काठमाडौँ । बालबालिकाको क्यान्सरको उपचारमा प्रयोग हुने औषधि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बिहीबार एक समारोहबिच हस्तान्तरण गरिएको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का नेपाल प्रतिनिधि डा. राजेश सम्भाजीराव पाण्डव र युनिसेफका निमित्त नेपाल प्रतिनिधि बुधि सेटियावनले स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई औषधि हस्तान्तरण गरेका हुन्।

प्राप्त औषधि भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर क्यान्सर अस्पतालमा बाल क्यान्सरको उपचारमा प्रयोग हुने जनाइएको छ।

नेपालले 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स' अन्तर्गत बालबालिकामा हुने क्यान्सर उपचारका लागि अत्यावश्यक औषधि केही दिनअघि प्राप्त गरेको थियो । पहिलो चरणमा एक वर्षका लागि तीन प्रकारका औषधि प्राप्त भएका थिए। डब्लुएचओ र 'सेन्ट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल'को संयुक्त सहकार्यमा विसं २०८० चैत १४ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र डब्लुएचओबिच बाल क्यान्सर उपचारमा प्रयोग हुने ३५ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने सम्झौता भएको थियो।

औषधि हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दे स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले क्यान्सर नियन्त्रणका लागि राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति अवलम्बन गरेर उपचारसँगै निरोधात्मक विधि प्रवर्द्धनको काम गरिरहेको बताए । उनले भने-"कोही पनि बालबालिका आर्थिक अभावमा क्यान्सरको उपचारबाट वञ्चित हुन नपरोस् भनी निःशुल्क उपचारको व्यवस्था गरेका छौँ । औषधिको सहयोगले बालबालिकाको क्यान्सर उपचार प्रभावकारी हुनेमा विश्वस्त छौँ।"

सम्झौताअनुसार आगामी पाँच वर्ष (सन् २०२५ देखि २०३० सम्म) का लागि ती संस्थाले ले ३५ प्रकारका अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउनेछ । यस कार्यक्रममार्फत्‌औषधि प्रदान गर्नुको साथै ती औषधिको उचित भण्डारण र व्यवस्थापनमा चार वटा अस्पताललाई आवश्यक 'रेफ्रिजेरेटर' र 'हाइग्रोमिटर' खरिद गरी सम्बन्धित अस्पताललाई हस्तान्तरण गरिने स्वास्थ्य मन्त्रायलयले जनाएको छ।

नेपालमा हरेक वर्ष करिब एक हजार पाँच सय बालबालिकामा क्यान्सर देखिने गरेको छ । सेवामा सीमित पहुँच र स्रोत अभावका कारण तीमध्ये करिब एक-तिहाइले मात्र उपचार पाउने गरेका छन् । नेपालमा क्यान्सरपीडित बालबालिकाको बाँच्ने सम्भावना दर केवल ३० प्रतिशत छ। विकसित मुलुकमा यो दर ८० प्रतिशत भन्दा बढी छ।


## बिमालेख हराएको सूचना

मिति २०८१ माघ ०२ गते बुटवल देखी भैरहवा जाने क्रममा मेरो लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमा लेख नं.१५००१९८२२ हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा नेपाललाईफ इन्स्योरेन्स कार्यालयमा बुझाईदीनु हुन अनुरोध छ।

नाम : सुक्रिम खरेल
ठेगाना : बुटवल-८, सुख्खानगर, रुपन्देही
सर्म्पक नम्वर : ९८५१०९१७९१


**नेपाली...**

समूह चरणको अन्तिम खेलमा पनि नेपाल र म्यानमार नै खेल्ने छन् भने फाइनल पनि यिनै दुई टोलीको बिचमा हुनेछ।

३१औं मिनेटमा लेबनानले पनि अर्को मौका गुमायो । थ्रु मार्फत् आएको उत्कृष्ट पासलाई ले ला इस्कन्दरले सदुपयोग गर्न सकिनन् । ३७औं मिनेटमा क्रिस्टी मालुफको प्रहार साइड नेटिङ हुन पुग्यो।

दोस्रो हाफको ५९औं मिनेटमा साम्बाको पासमा सबिताले प्रहार गरेको बल पोस्टमाथिबाट बाहिरियो । ८६औं मिनेटमा सावित्राको प्रहारले पोस्टको दिशा लिन सकेन।

इन्जुरी समयको पहिलो मिनेटमा जहवा अर ाबीको प्रहार बारमा लागेर फर्कँदा लेबनान बराबरी गर्नबाट चुकेको थियो।

समूह चरणको अन्तिम खेलमा पनि नेपाल र म्यानमार नै खेल्ने छन् भने फाइनल पनि यिनै दुई टोलीको बिचमा हुनेछ।

**७ महिनामा...**

मुख्यमन्त्री आचार्यले चालु खर्च घटाउने र पुँजीगत खर्च बढाउने नीति अवलम्बन गर्न पनि मन्त्री र सचिवहरुलाई निर्देशन दिए । संघीय सरकारबाट प्राप्त समानीकरण, सशर्त तथा विशेष अनुदानका कार्यक्रम कार्यान्वयनमा विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए।

मुख्यमन्त्री आचार्यले टुक्रे आयोजना निरुत्साहित गर्न योजना छनोटमा कठोर बन्नुपर्ने धारणा राख्दै प्रदेश सरकारले बहुवर्षीय आयोजनालाई प्राथमिकता दिने स्पष्ट पारे । समीक्षा कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, स्वास्थ्य मन्त्री खेमबहादुर सारु, वन तथा वातावरण मन्त्री देवकरण कलवार, प्रमुख सचिव बावुराम अधिकारी, प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्याललगायत मन्त्रालयका सचिवहरूले अहिलेसम्मका उपलब्धि र भावी योजनाका बारेमा आफ्ना धारणा राखेका थिए।

**शाइन...**

बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले खेलकुदमार्फत समाज र राष्ट्रलाई योगदान पुऱ्याउने उद्देश्य अनुरूप दौड प्रतियोगिताको आयोजना गर्न लागिएको र यसमा धेरैभन्दा धेरै धावकको सहभागिताको अपेक्षा गरिएको बताए।

'विभिन्न सामाजिक क्रियाकलापमा बैंकको भूमिका अग्रणी नै रहँदै आएको छ, राष्ट्रियस्तरको यो दौड प्रतियोगितामा पनि स्थानीयदेखि देशभरका धावक सहभागी गराएर खेलकुद र समाजप्रति उत्तरदायित्व नयाँ ढंगले पूरा गर्ने अवसरको रूपमा लिएका छौं,' पौडेलले भने-'यो दौड प्रतियोगिता सबैको उत्सव होस् भन्ने हाम्रो अपेक्षा छ।'

बैंकका अनुसार बिहीबारसम्म करिब एकहजार जनाले नाम दर्ता गराएका छन् । प्रतियोगिताको व्यवस्थापन जिम्मा लिएको कखरा इभेन्टले ५ हजार जनासम्मले भाग लिए पनि व्यवस्थापन गर्ने गरी तयारी भएको जनाएको छ।

**लुम्बिनीमा...**

विविध शैक्षिक प्रतियोगिताका आयोजना, छात्रवृत्ति कोष स्थापना, सूचना प्रविधि सामग्री हस्तान्तरण तथा व्यावसायिक मार्गदर्शन कार्यक्रमहरू सञ्चालन गरिनेछन् । विद्यालयलाई खेलकूद तथा अतिरिक्त क्रियाकलापका लागि सहयोग पुऱ्याइनेछ। सामाजिक विभेद, बालविवाह, घरेलु हिंसा, किशोरावस्थामा हुने चुनौतीहरूतथा लागूपदार्थ दुर्व्यसनजस्ता हानिकारक सामाजिक अभ्यासविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । विपत् व्यवस्थापनका पूर्वतयारी गतिविधि तथा स्वास्थ्य, पोषण, खोप र जीवनोपयोगी सीपबारे जानकारी प्रदान गरिनेछ । विद्यालयका पूर्वविद्यार्थी, अभिभावक, प्रदेशसभा सदस्य, पालिका प्रमुख तथा उपप्रमुख, शिक्षक संघ-संस्थाका प्रतिनिधि, शिक्षक, मिडियाकर्मी, नागरिक समाजका अगुवा तथा अन्य सरोकारवालाहरूलाई अभियानमा सहभागी गराइने बताइएको छ।


## सियारी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

**सियारी गाउँपालिका गौरव योजना अन्तर्गत प्रस्तावित सियारी कोरिडोर निर्माण तथा सियारी ड्याम क्षेत्र सरसफाई गर्ने र बुद्ध बिहार क्षेत्रको स्तरोन्नति र पर्यटन प्रवर्धन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी**

### सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८१/१०/०९)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सियारी गाउँपालिका द्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः सियारी-३, हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलःinfo@siyarimun.gov.np<br>वेबसाईटः https://siyarimun.gov.np/<br>फोन नं.: +९७७ ९८५७०१६११९ |
| प्रस्तावको व्यहोरा | रुपन्देही जिल्ला सियारी गाउँपालिका वडा न. ३, ४ र ५ मा प्रस्तावित सियारी कोरिडोर र वडा न. ३ र ४ मा अवस्थित सियारी ड्याम क्षेत्र सरसफाई तथा बुद्ध बिहार पार्क स्तरोन्नति गर्ने कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, सियारी गाउँपालिका वडा न. ३, ४ र ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सियारी गाउँपालिका, ३, ४ र ५ वडा समिति कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री सियारी गाउँपालिका, हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश<br>info@siyarimun.gov.np,<br>फोन नं. ९८५७०१६११९ |
| परामर्शदाताको नाम र ठेगाना | टाइम्स सोलुशन प्रा. लि., तिलोत्तमा-०२<br>फोन नं. ९८६७१८९०५१ |



## त्रिवेणी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिम्रुतु खारानेटा, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रकाशन मिति २०८१/११/०९)

रुकुम(पश्चिम) जिल्लाको त्रिवेणी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सिम्रुतु खारानेटा, रुकुम(पश्चिम)। |
| प्रस्तावको व्यहोरा | त्रिवेणी गाउँपालिकाको त्रिवेणी चक्रपथ सडक अन्तर्गत पर्ने नुवाकोट भेरीपोखरा खुर झुल्नेटा कुरल खुम्चेरी लाइत जिवाङ सडक खण्ड स्तरोन्नतीका लागी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन निर्माण कार्य। |
| प्रभाव पर्न सक्ने क्षेत्र | त्रिवेणी गाउँपालिका वडा नं ३, ४, ५, ६, ८ र ९। |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवाला सबैमा उपस्थितिका लागी अनुरोध गरिन्छ।

### सार्वजनिक सुनुवाई कार्यक्रम

| मिति : २०८१/११/१५ | प्रस्तावक |
|---|---|
| समय : दिनको १० बजे<br>स्थान : वडा नं कुरल गाउँ<br>समय : दिनको १ बजे<br>स्थान : झुल्नेटा वजार | **त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सिम्रुतु खारानेटा, रुकुम(पश्चिम)।**<br>फोन नं : ९८०१९२५७६३<br>इमेल : tribenigp@gmail.com |

प्रमुख प्रशासकीय अधिकृत



## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

# बुटवलमा हुने राष्ट्रिय स्नुकरमा १२८ जना खेलाडी




बुटवल। बुटवलमा यही फागुन १२ देखि हुने सर्वाधिक पुरस्कार राशीको राष्ट्रियस्तरको स्नुकर प्रतियोगितामा १२८ जना खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देही र खस्यौली स्नुकर क्लबको आयोजनामा हुने प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीपमा १२८ जना खेलाडीले नाम दर्ता गराएका हुन् । प्रतियोगितामा भाग लिन फागुन ७ गतेसम्म नाम दर्ता गराइसक्नुपर्ने म्याद रहेको थियो ।

बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा हुने प्रतियोगितामा रुपन्देही, काठमाडौं, पोखरा, धरान, ललितपुर, भक्तपुर, नारायणगढ, हेटौंडा, इटहरी, बिर्तामोड, बनेपा, परासी, तौलिहवालगायतमा देशका प्रमुख शहर र जिल्लाबाट खेलाडीले नाम दर्ता गराएका नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देहीका अध्यक्ष सुजन पुनले बताए ।

प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार, उप-विजेताले १ लाख १ हजार रुपैयाँ र हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने अध्यक्ष पुनले बताए । सेमिफाइनलमा पुग्ने खेलाडीहरुलाई नगद ३०/३० हजार रुपैयाँ, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नुकर स्टिकबाट पुरस्कृत गरिने खेल संयोजक शिशिर गुरुङले बताए ।

स्नुकरमा हालसम्मकै सर्वाधिक पुरस्कार राशीको यो प्रतियोगिताले बुटवलको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्नेछ ।

प्रतियोगितालाई बुटवल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा सिंह कम्प्लेक्सका सञ्चालक महेशमान सिंहबाट ३ लाख ३ हजार र आवास ग्रुपका प्रबन्ध निर्देशक महेश थैवबाट एक लाख रुपैयाँ तथा समृद्धि हेयर सैलुनले समेतबाट आर्थिक सहयोग भएको अध्यक्ष पुनले बताए ।

खेल संयोजक विजय गुरुङले बुटवल बाहिरबाट आउने खेलाडीहरुलाई आवासको व्यवस्था आयोजकबाट गरिने तथा क्वाटरफाइनल खेलबाट खेलाडीहरुलाई आवास र खानाको समेत व्यवस्था गरिने जानकारी दिए । प्रतियोगिताको फाइनल फागुन २१ गते हुने संघका सचिव प्रकाश क्षेत्रीले बताए । प्रतियोगिता सम्पन्न गर्न कोषाध्यक्ष अमिन थापाको संयोजकत्वमा आर्थिक समिति, कुनल श्रेष्ठको संयोजकत्वमा खेलाडी तथा आवास व्यवस्थापन समिति, विजय गुरुङको संयोजकत्वमा जिन्सी समिति गठन गरी तयारीका काम अन्तिम चरणमा पुगेका अध्यक्ष पुनले बताए ।

# डन मोडेल एकेडेमीमा वृहत विज्ञान प्रदर्शनी




तिलोत्तमा। तिलोत्तमा ६ नयांमिलस्थिल डन मोडेल एकेडेमीमा विज्ञान प्रदर्शनी सम्पन्न भएको छ। विद्यार्थीको खोज तथा अनुसन्धान गर्ने क्षमता प्रष्फुटनका लागि विद्यालयले हरेक वर्ष विज्ञान प्रदर्शनी गर्दै आएको छ।

विद्यालय प्रांगणमा भएको विज्ञान प्रदर्शनीको उद्घाटन गर्दै तिलोत्तमा नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख गंगाराम आचार्यले अहिलेको युग विज्ञान र प्रविधिको युग भएकाले विद्यार्थीलाई नयाँ-नयाँ आविश्कार र खोजमा उत्प्रेरित गर्न यस्ता विज्ञान प्रदर्शनीले हौसला मिल्ने बताए । नगरका अन्य विद्यालयले विज्ञान प्रदर्शनीलाई नियमित रुपमा आयोजना गर्न नसकेको तर डन मोडेलले हरेक वर्ष आयोजना गर्नु सकारात्मक पक्ष भएको आचार्यले बताए।

विद्यालयका प्राचार्य सिताराम भट्टराईले विद्यार्थीमा अन्तरनिहीत नव प्रवर्तन र आविष्कारको क्षमता उजागर गरी भविष्यमा वैज्ञानिक बन्न सक्ने बाटो देखाउन विद्यालयले विज्ञान प्रदर्शनीलाई निरन्तरता दिएको बताए । कार्यक्रमले विद्यार्थीहरु उत्प्रेरित भएका र हरेक वर्ष नयाँ नयाँ आविश्कार गरेका प्राचार्य भट्टराईले बताए।

कार्यक्रममा तिलोत्तमा ६ का वडाध्यक्ष गणेश पाठक,विद्यालय सञ्चालक समिति अध्यक्ष यज्ञप्रसाद ज्ञवाली, अभिभावक संघका केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली, प्याब्सन तिलोत्तमा अध्यक्ष दीपक गौतम, पुस्तक तथा स्टेशनरी व्यवसायी संघ रुपन्देहीका अध्यक्ष गोपाल बस्याललगायतले बोल्दै विज्ञान प्रदर्शनी सिर्जनशील कार्यक्रम भएको भन्दै सराहना गरेका थिए।

विज्ञान प्रदर्शनीमा कक्षा ४ देखि ९ सम्मका विद्यार्थीका सय बढी स्टलहरु रहेका र छिमेकी विद्यालयका सयौं विद्यार्थी समेत अवलोकन गर्न आएका डन मोडल एकेडेमीका सह-प्राचार्य सन्तोष पौडेलले बताए।

## कालिका क्याम्पस सुपर सिक्स क्रिकेटः

# सेमिफाइलनमा चार टिम भिड्दै



बुटवल । बुटवल १० रामनगरमा रहेको बुटवल कालिका क्याम्पसको आयोजानमा जारी सुपर सिक्स'बुटवल कालिका कप क्रिकेट प्रतियोगीता-२०८१' मा बिहीबार ५ वटा खेल सम्पन्न भएका छन् । बिहीबार बाट ४ वटा समूहले सेमिफाइनलको यात्रा तय गरेका छन् ।

बुटवल कालिका क्याम्पसका अतिरिक्त क्रियाकलाप संयोजक रेस्मीराज शर्माका अनुसार सेमिफाइलनका लागि शुक्रबार बिहान ९ बजेबाट खेल सुरुवात हुनेछ। जसमा पहिलो खेल क्यानन मावि बुटवल र शान्ति नमूना मावि को 'बी' टिमका बिचमा हुनेछ भने दोस्रो सेमिफाइलन खेल नविन औद्योगिक कदरबहादुर रिता मावि र शान्ति नमूना माविको 'ए' टिमका बिचमा हुने छ।

शुक्रबार नै सेमिफाइलन खेल सकीए लगत्तै फाइल खेल समेत गरिने र पुरस्कार वितरण समेत कार्यक्रम आयोजना गरिएको क्याम्पसका अतिरिक्त क्रियाकलपा संयोजक शर्माको भनाइ छ । प्रतियोगीतामा बिजेता समूहले २० हजार नगदसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् भने उपविजेता टिमले १५ हजार नगद सहित कप, मेडल र प्रमणपत्र प्राप्त गर्ने छन् । प्रतियोगितामा म्यान अफ द म्याचलाई १ हजार, म्यान अफ द सिरिजलाई २ हजार ५ सय , बेष्ट बलर, बेष्ट ब्याड्सम्यानलाई १ हजार ५ सयसहित ट्फी र प्रमाणपत्र प्रदान गरिने छ । सुपर सिक्स फरम्याटमा खेलाइएको प्रतियोगितामा ६ जना खेलाडी ६ ओभरको खेल रहेको छ।

अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्तो भेदभावको अन्त्य गरौं ।
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं ।
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गता मैत्री बनाऔं ।

अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# तानसेनमा सुरु भयो महिला मैत्रीशहर निर्माण कार्यक्रम



पाल्पा । तानसेन नगरपालिकामा लैङ्गिक सहभागितासम्बन्धित अन्तर मूल्याङ्कन तथा महिला मैत्रीशहर निर्माणसम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको छ। युनओपिएसको सहकार्यमा तानसेन पालिकाले महिला मैत्रीशहर निर्माणको लागि युनओपिएससँग सहकार्य गरेको छ।

य ु न अ ा े ि प ए स ल े तानसेन नगरपालिकामा महिलाहरूको लागि सुरक्षित, समावेशी, र पहुँचयोग्य वातावरण सिर्जना गर्न, महिला मैत्रीशहर निर्माणको लागि काम सुरु गरेको छ । युनओपिएससँगको सहकार्यमा महिलाहरूको आवश्यकता र सुरक्षालाई प्राथमिकतामा राख्दै सार्वजनिक स्थानहरूको पहिचान, योजना, विकास, र व्यवस्थापनमा तानसेन नगरपालिका लागिपरेको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए।

महिलाहरूलाई शहरी क्षेत्रमा समान अवसर र अधिकार प्रदान गर्न, उनीहरूको आर्थिक, सामाजिक, र राजनीतिक सहभागिता सुनिश्चित गर्नेगरी कार्यक्रम डिजाइन भएको कार्यक्रमका फोकल पर्सन दुर्गाबहादुर थापाले बताए।

तानसेन नगरकामा सार्वजनिक स्थानहरुको पहिचान, ती स्थानहरूमा महिलाहरूको सुरक्षालाई सुनिश्चित गर्दै उनीहरूको स्वतन्त्र गतिशीलता र पहुँचमा प्रोत्साहन गर्न परियोजनाले सहयोग गर्ने युनओपिएसकी कार्यक्रम स्पेसलिष्ट निलम धनुसेले जानकारी दिइन।

कार्यक्रममा शहरी विकास मन्त्रालयका वरिष्ट समाजशास्त्री कमल अधिकारीले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०८० नीतिगत रुपमा गरेका व्यवस्थाको बारेमा जानकारी गराएका थिए। स्थानीय, प्रदेश सरकारबाट योजना संकलन, छनौटदेखि, बजेट निर्माण तथा कार्यान्वयसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०८० लागु गर्नुपर्नेमा वरिष्ट समाजशास्त्री अधिकारीले जोड दिए।

य ु न अ ा े ि प ए स ल े तानसेन नगरपालिकामा खुला सार्वजनिक स्थानहरूको पहिचान, प्राथमिकता निर्धारण, र नक्सांकन गरेर तिनीहरूको सुधार र व्यवस्थापनमा काम सुरु गरेको छ । जसअन्तरगत वडा नं. १ को धुर्वघाट पार्क, वडा नं. २ को नारायणस्थान फूलबारी, वडा नं ४ को मखनटोल, वडा नं. ६ को टुँडिखेल, वडा नं. ७को कमलपोखरी र वडा नं. १४ को कुडानीलाई पहिचान गरेको छ। वडा नं. ४ मा महिला साप्ताहिक मेला सञ्चालन कार्यक्रम सुरु भएको छ।

कार्यक्रममा तानसेन नगरपालिकाबाट हुने हरेक गतिविधिमा समावेशीकरणको अवधारणा, मूल्य, मान्यता सिद्धान्तअनुसार व्यवहारमा लागू भएको छ कि छैन, कार्यान्वयन गर्न देखिएका चुनौतीका विषयमा समूह विभाजन गरी छलफल गरिएको थियो । युनओपिएसले तानसेन नगरपालिकामा लैङ्गिक समानता, अपाङ्गता र समावेशीकरण नीति निर्माणमा सहयोग पुऱ्याउने सो विषयमा जनचेतना फैलाउँदै र कार्यान्वयनमा जोड दिने जनाएको छ।

छलफल अन्तरक्रिया कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, इञ्जिनियर, प्राविधिकदेखि, कार्यक्रम छनौट भएका वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, उपभोक्ता, विषय विशेषज्ञ, युनओपिएसका प्रतिनिधिहरुको सहभागिता रहेको छ । कार्यक्रमको सञ्चालन तानसेन नगरपालिकाका वरिष्ट कार्यक्रम अधिकृत भरत आचार्यले गरेका थिए।

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्

फोन: ०७१-५३५३१७

९८५७०६०३६८, ९८५७०६०३८४

न्यू कुमकुम ज्वेलर्स

बि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com